प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ । । अङ्क : १०० ॥ २०८२ जेठ ०४ गते आईतबार (18th May 2025 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

## कचिंगलमा कोलाटोली खानेपानी

# तीन दल आन्दोलित



झापा(प्रस) । व्यक्तिको जग्गामा राज्यको लाखौं रकम लगानी गरेर १६ वर्षसम्म पनि नबनेपछि तीन दलले कोलाटोली खानेपानी योजनाको बारेमा चासो व्यक्त गरेका छन् । उनीहरुले अहिलेसम्म हरहिसाव पारदर्शी नगर्नुको पछाडि कोलाटोली खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा अनियमिततासमेत भएको आशंका गर्दै गलत र गैरकानुनी कार्य अविलम्व रोक्न चेतावनीसमेत दिएका छन् । शनिवार बिर्तामोड ९ मा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेस , नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीले गलत विधि र प्रक्रियाबाट कोलाटोली खानेपानी योजना निर्माण भइरहेको भन्दै बेलैमा गलत कार्यलाई नसुधारे त्यसको परिणाम भोग्नुपर्ने चेतावनी दिएका हुन् ।

२०५९ सालमा बिर्तामोड ९ का स्थानीयबासी समेत रहेका राष्ट्रिय सभाका पूर्व सदस्य हरिचरण शिवाकोटीले कोलाटोली खानेपानी योजनाका लागि ४ कठ्ठा जग्गा दान दिएका थिए । जुन जग्गा अझै कोलाटोली खानेपानी समितिको नाममा आइसकेको छैन । शिवाकोटी संस्थाका संस्थापक अध्यक्ष हुन् ।

करिब १६ बर्ष अघिदेखि त्यस जग्गामा निर्माण शुरु भएको कोलाटोली खानेपानी योजनाको काम हालसम्म पूरा भएको छैन । सो खानेपानी योजनामा एउटा खानेपानी ट्याङ्की, दुई वटा प्रशासनिक भवन र कम्पाउण्ड वाल निर्माण भएपनि जीर्ण बन्दै गइरहेको स्थानीयबासीसमेत रहेका नेपाली कांग्रेस ९ नम्बर वडा सभापति बासु अधिकारीले बताए । करिब १ किलोमिटर पाइप लाइन विस्तार गरेको र अन्य पाइपहरु जथाभावी अवस्थामा रहेको उनले बताए ।

व्यक्तिको जग्गामा निर्माण थालेर १६ वर्षसम्म नबनेको कोलाटोली खानेपानी समितिमा बेतिथि देखिएको भन्दै तीन दल विरुद्धमा उभिएका छन् । पत्रकार सम्मेलनमा बोल्दै नेपाली कांग्रेसका बिर्तामोडका कार्यवाहक नगर सभापति तथा वडा नम्बर ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले व्यक्तिको नाममा रहेको जग्गामा राज्यको लाखौ रकम दुरुपयोग भएको भन्दै गलत गर्नेहरुलाई सुध्रिन मौका दिइने बताए । उनले यदि जबरजस्ती गरे त्यसको परिणाम भोग्नु पर्ने चेतावनी दिए । वडाध्यक्ष कन्दङ्वाले सो विषय बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठकमा उठाउने बताए ।

नेकपा माओवादी केन्द्रका बिर्तामोड नगर अध्यक्ष मोहन सुब्बाले कोलाटोली खानेपानी समितिले गर्दै आएको गलत काम तत्काल रोक्न चेतावनी दिए । उनले विधि र प्रक्रिया नपुर्याइ गरिएको काम रोक्ने आफूहरुको अधिकार रहेको भन्दै कोलाटोली खानेपानीको बेथितिमा वडा कार्यालय पनि जिम्मेवार रहेको आरोप लगाए ।

राप्रपाका नगर अध्यक्ष लक्ष्मी गौतमले बिर्तामोडमा भएका विभिन्न बेतिथिविरुद्ध नगरपालिकामा यसअघि नै राप्रपाले ज्ञापनपत्र बुझाउने क्रममा कोलाटोली खानेपानीको समेत बिषय उठान गरेको स्मरण गराए । उनले कोलाटोली खानेपानी समितिको बेतिथिविरुद्ध आवाज उठाउनका लागि कांग्रेसलाई नेतृत्व गर्न आग्रह गर्दै त्यसमा अन्य दलको सहयोग रहने प्रतिवद्धता जनाए । त्यस्तै नेपाली कांग्रेसका जिल्ला सदस्य नारायण पौडेलले कोलाटोली खानेपानी समितिको बेतिथिविरुद्ध अख्तियारमा जाने चेतावनी दिए । पत्रकार सम्मेलनमा तरुण दलका केन्द्रीय सदस्य सजेश शिवाकोटी, माओवादी केन्द्रका ९ नम्बर वडाध्यक्ष केशव उप्रेती, राप्रपाका वडाध्यक्ष वसन्त खड्का, माओवादी केन्द्रका नगर सचिव जगन्नाथ भट्टराई, समाजसेवी धर्म लक्सम्बालगायतको उपस्थिति रहेको थियो ।

यता जग्गादाता हरिचरण शिवाकोटीले आफ्नो नाममा रहेको जग्गा कोलाटोली खानेपानी समितिलाई पास गरेर दिन आफू सदैव तयार रहेको बताए । संस्थाले नै जग्गा पास गरेर लिन ढिलाई गरिरहेको उनको भनाई छ । ' स्थानीय उपभोक्ताहरुले शुद्ध खानेपानी पिउन पाउँछन् भनेर जग्गा निःशुल्क दिएका हौ । खानेपानी निर्माणको काम भइरहेको छ ' उनले भने ,' केही गलत व्यक्तिहरुले जथाभावी बौल्दै हिडेका छन् । 'संस्थापक अध्यक्ष हरिचरण शिवाकोटीपछि ध्रुवकुमार शिवाकोटी समितिको अध्यक्ष बनेका थिए । उनले काम गर्न नसकी बीचैमा छाडेको बताइएको छ । अहिले प्रेमप्रसाद भण्डारी अध्यक्ष छन् ।

समिति भंग गर्नुपर्ने माग

तीन दलले केही दिनअघि एकलौटीरुपमा गठन भएको समिति भंग गरिनु पर्ने माग गरेका छन् । दलका ती प्रतिनिधिहरुले सर्वदलीय र सर्वपक्षीयरुपमा आम उपभोक्ताहरुको भेलाबाट समिति गठन गर्नुपर्ने मागसमेत गरेका छन् । नेकपा एमालेनिकट भनिएको उपभोक्ता भेलाबाट गठन भएको समितिको अध्यक्षमा एमाले बिर्तामोड-९ वडा कमिटी अध्यक्ष प्रेमप्रसाद भण्डारी चयन भएका छन् । १३ सदस्यीय समितिको उपाध्यक्ष गौरीप्रसाद घिमिरे, सचिव हरिबहादुर कार्की, कोषाध्यक्ष विष्णुमाया कोइराला र सहसचिवमा राजेन्द्र सिटौला रहेका छन्। त्यस्तै सदस्यहरूमा तारानिधि खनाल, शान्ति मर्दी, कल्पना बिक, जयराज ढकाल, कृष्णप्रसाद उप्रेती, मोहन उप्रेती र पर्शुराम पाठक रहेका छन्।

यसअघि फागुन ७ गते लक्ष्मी मोतेको अध्यक्षतामा सम्पन्न भेलाले कोलाटोलीमा खानेपानी योजना सञ्चालन गर्न नयाँ उपभोक्ता समिति गठन प्रक्रिया अगाडि बढाएको थियो। कोलाटोली खानेपानी योजनाका लागि ७० लाख रुपैयाँ बजेट आएको बताइएको छ । भण्डारीको अध्यक्षतामा गठन भएको समितिमा कांग्रेसले आधिकारिक व्यक्ति नपठाएको भन्दै वडा सभापति अधिकारीले समितिमा बसेका पार्टीका व्यक्तिलाई समिति छोड्न आग्रह गरेका छन् ।

# झापाका ७ सहित १३ जना लागूऔषध कारोबारी एकसाथ पक्राउ

झापा(प्रस) । मोरङको रतुवामाई नगरपालिकाको वडा नं -१ र २ को विभिन्न स्थानबाट प्रहरीले झापाका ७ सहित १३ जना लागूऔषध कारोबारी पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ लागूऔषध लिएर आउँदै गर्दा लागूऔषध नियन्त्रण ब्युरो बिराटनगर , इलाका प्रहरी कार्यालय सिजुवा र इलाका प्रहरी कार्यालय डोरियाबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरु निम्न छन् ।

१) प्र १ -०१-०१४ प ४४६ मोटरसाइकल चालक मोरङ कानेपोखरी - ७ बस्ने ३८ वर्षीय जोनी राईको साथबाट प्लाष्टिकसहित ३ ग्राम ४४० मिलिग्राम ब्राउनसुगर बरामद

२) मोटरसाइकलको बिचमा सवार मोरङ कानेपोखरी -५ बस्ने १९ वर्षीय अशोक कटुवाल

३) मोटरसाइकल पछाडी सवार मोरङ लेटाङ -६ बस्ने ३२ वर्षीय सनम राईको साथबाट प्लाष्टिकसहित ४ ग्राम ८१० मिलिग्राम ब्राउनसुगर बरामद

४) को २८ प ५१९६ न. को स्कुटी चालक मोरङ उर्लबारी -२ बस्ने ३३ वर्षीय मिलन ढकाल (स्कुटीको हेडलाईटभित्र) प्लाष्टिकसहित ५ ग्राम १३० मिलिग्राम ब्राउनसुगर बरामद

५) स्कुटी पछाडी सवार उर्लावारी- ३ बस्ने ३३ वर्षीय मुकुन्द दुलाल

६) मे १० प ८१११ मोटरसाइकल चालक झापा गौरादह- ८ बस्ने २३ वर्षीय ओमनारायण ताजपुरियाको साथबाट प्लाष्टिकसहित १ ग्राम ८२० मिलिग्राम ब्राउनसुगर बरामद

७) नम्बर प्लेट नभएको मोटरसाइकल चालक झापा कमल - २ बस्ने २७ वर्षीय समिर न्यौपानेको साथबाट प्लाष्टिकसहित १ ग्राम ७९० मिलिग्राम ब्राउनसुगर बरामद

८) नम्बर प्लेट नभएको मोटरसाइकल पछाडी सवार झापा कमल -२ बस्ने २७ वर्षीय निरज सुब्बा

९) मे ५ प ४५०६ न. को मोटरसाइकल चालक झापा कमल - ४ बस्ने ३० वर्षीय इन्द्र लिम्बू

१०) मोटरसाइकल पछाडी सबार झापा कमल - ४ बस्ने ३६ वर्षीय सुमन राईको साथवाट प्लाष्टिकसहित ३ ग्राम ४१० मिलिग्राम ब्राउनसुगर बरामद

११) मे ३ प ६६६५ न. को मोटरसाइकल चालक झापा दमक- ५ बस्ने २२ वर्षीय आशिषकुमार साह

१२) मोटरसाइकल पछाडी सवार दमक- ५ बस्ने २८ वर्षीय निरज सुबेदीको साथबाट प्लाष्टिकसहित ४ ग्राम

❖ बाँकी अन्तिम पृष्ठमा

## पूर्व नगर प्रमुख बुढाथोकीको निधन

झापा(प्रस) । दमक नगरपालिकाका पूर्व नगर प्रमुख इन्द्रबहादुर बुढाथोकीको निधन भएको छ ।

शनिवार बिहान १०.१० बजे उनको आफ्नै घरमा निधन भएको हो । ७३ वर्षका बुढाथोकी मिर्गौलाको समस्याबाट पीडित थिए । बुढाथोकी २०४९ सालमा दमक नगरपालिकाको नगर प्रमुखमा निर्वाचित भएका थिए । उनी दमक क्याम्पसको संचालक समितिको अध्यक्ष पनि रहेका थिए ।

यसअघि नेकपा एमालेमा रहेका बुढाथोकी नेकपा एकीकृत समाजवादीमा आवद्ध हुँदै केन्द्रीय सदस्य बनेका थिए । उनको शनिवार नै कन्काई माईमा अन्त्येष्टि गरिएको छ । अन्त्येष्टिअघि दमक नगरपालिकामा दिउँसो श्रद्धाञ्जली सभा गरिएको नगर प्रमुख राम थापाले जानकारी दिएका छन् ।

## पाँचथरमा घरको छतबाट लडेर मृत्यु

झापा(प्रस) । पाँचथरको फिदिममा घरको छतबाट लडेर एकजनाको मृत्यु भएको छ ।

शुक्रवार राति ९:३० बजे पाँचथर फिदिम नगरपालिका - १ शनिबारेमा रहेको शान्तबिर तामाङको घरको तीनतला माथि बार्दलीबाट अचानक लडेर ५७ वर्षीय आइतराज केरुङको मृत्यु भएको हो । गम्भीर घाइते भएका केरुङलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथरमा ल्याई चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । मृतकको शव जिल्ला अस्पताल पाँचथरको शवगृहमा राखिएको छ ।

पाँचथर फालेलुङ -३ मेमेङ घर भई हाल उनी फिदिम -२ पल्लोटार स्थित लिला भण्डारीको घरमा डेरा गरी बसेका थिए । उनी ज्याला मजदुरी गर्दै छोरा चन्द्र केरुङसँग बस्दै आएका थिए ।

## शिवसताक्षीमा बाबुले छोरामाथि गरे खुकुरी प्रहार

झापा(प्रस) । घरायसी विवादलाई लिएर झापाको शिवसताक्षीमा बाबुले आफ्नै छोरामाथि खुकुरी प्रहार गरेका छन् ।

शनिवार बिहान अन्दाजी ७:१५ बजे शिवसताक्षी नगरपालिका वडा नम्बर-३ पाराबारी बस्ने ४० वर्षीय मनकुमार तामाङ र उनका छोरा १८ वर्षीय सुसन तामाङबिच घरायसी विवाद भई झगडा हुँदा मनकुमारले छोरा सुसनलाई खुकुरी प्रहार गरेका हुन् ।

टाउको र दाहिने खुट्टाको घुँडा पछाडि खुकुरीले काटेर घाइते भएका सुसनलाई उपचारको लागि निम्स अस्पताल दमक पठाइएको छ । खुकुरी र खुकुरी प्रहार गर्ने मनकुमारलाई प्रहरी चौकी धरमपुरले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## जंगली निगुरो खाएर एक दम्पती सिकिस्त

झापा(प्रस)। जंगली निगुरो खाएर इलामका एक दम्पती सिकिस्त भएका छन् । शनिवार साँझ ६.३० बजे इलाम नगरपालिका-९ गोलाखर्क वस्ने ६३ वर्षीय प्रेमप्रसाद अर्याल आफ्नै घरमा निगुरो र जरिङ्गोको सब्जी खाएर बिरामी भएका छन् । उनलाई जिल्ला अस्पताल इलाममा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड रेफर गरिएको छ । उनी बोल्न नसक्ने अचेत अवस्थामा छन् । साथै उनकी श्रीमती ५८ वर्षीया बालकुमारी अर्यालसमेत बिरामी भएकी छन् । उनलाई पनि उपचारको लागि बीएण्डसी अस्पताल ल्याइएको छ । उनको अवस्था सामान्य रहेको इलाम प्रहरीले जनाएको छ ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# अब एक कक्षा पुगनुअघि दुई वर्षभन्दा बढी पढ्न नपर्ने

झापा(प्रस) । शिक्षकहरूले राखेका अधिकांश माग सम्बोधन गर्दै संसदीय उपसमितिले विद्यालय शिक्षा विधेयकका धेरै विषयमा समझदारी जुटाएको छ। यो समझदारीअनुसार कानुन पारित भए देशमा दुई प्रकारका शिक्षक हुने छन् – आधारभूत तहमा कक्षा ३ सम्म कक्षागत शिक्षक र कक्षा ४ देखि ८ सम्म विषयगत शिक्षक ।

त्यस्तै, माध्यमिक तहमा कक्षा ८ देखि कक्षा १२ सम्म विषयगत शिक्षक । शिक्षकहरूको श्रेणी पनि तीनवटा हुनेछ – प्रथम, द्वितीय र तृतीय। सेवा प्रवेश तृतीय श्रेणीबाट हुनेछ।

यो तहमा काम गरेको १२ वर्षमा आवधिक बढुवा भएर द्वितीय श्रेणीमा पुग्नेछ। द्वितीयबाट प्रथम श्रेणीमा पुग्न १५ वर्ष सेवा अवधि पुग्नुपर्छ। प्रथम श्रेणीमा ७ वर्ष काम गरेको शिक्षक विशिष्ट श्रेणीमा पुग्नेछ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिअन्तर्गत नेकपा एमाले सांसद छविलाल विश्वकर्मा संयोजक रहेको उपसमितिले यस्तो समझदारी जुटाएको हो।

राहत लगायतका अस्थायी शिक्षकको दरबन्दी कायम रहने समझदारीमा छ। यस्ता शिक्षक झन्डै ४५ हजार छन्।

यी दरबन्दी कायम रहेपछि ६० प्रतिशत पदमा सीमित प्रतिस्पर्धा हुनेछ। अहिले नै कार्यरत अस्थायी, राहत लगायतका शिक्षकले पनि प्रतिस्पर्धा गर्न पाउनेछन्। बाँकी ४० प्रतिशतमा खुला विज्ञापन गरिनेछ।

आन्तरिक प्रतिस्पर्धामा पास नभएका शिक्षकले पनि नेपाल सरकारले निर्धारण गरेबमोजिम सुविधा पाउनेछन्। अर्थात्, प्रतिस्पर्धामा नाम निकाल्न नसकेका शिक्षकले पनि रित्तो हात फर्कनुपर्ने छैन।

त्यस्तै, प्रारम्भिक बाल विकास कक्षामा पढाइरहेका शिक्षकलाई खुलातर्फ प्रतिस्पर्धाको अवसर दिइने छ। शैक्षिक योग्यता पुगेको र लगातार तीन शैक्षिक सत्रमा पढाएको व्यक्तिका हकमा खुला प्रतिस्पर्धा गर्न उमेर हद नलाग्ने भएको छ। यस्ता बाल विकास कक्षाका शिक्षकको सेवा-सुविधा भने स्थानीय कानुनअनुसार हुनेछ। स्थानीय तहलाई कति आवश्यक हुन्छ भन्ने उसले नै तय गर्छ।

प्रारम्भिक बाल विकास कक्षा अब दुई वर्षको हुने समझदारीमा छ। निजी विद्यालयहरूले पनि दुई वर्षकै प्रारम्भिक बाल विकास कक्षा सञ्चालन गर्नुपर्ने छ। तिनले अहिलेजस्तो नर्सरी, केजी, एलकेजी जस्ता बहुवर्षीय कक्षा सञ्चालन गर्न पाउने छैनन्।

'बालबालिकालाई धेरै कक्षाको भार भयो। मानिसकतामा असर पऱ्यो,' एक सांसदले भने, 'शिक्षण सिकाइमा उत्सुकता जगाउनुपर्नेमा जबर्जस्ती शिक्षाको भार बोकाइयो। त्यसैले निजी वा सार्वजनिक सबैमा दुई वर्षको हुनुपर्नेछ। कुनै निजी विद्यालयमा एक वर्षको भए दुई वर्षको बनाउनुपर्ने र तीन वर्षको भए दुई वर्षमा झार्नुपर्नेछ।'

सार्वजनिक विद्यालयका हकमा सरकारले तोकेको मितिदेखि प्रारम्भिक बाल विकास कक्षा दुई वर्षको हुनेछ।

शिक्षकको सरूवाबारे पनि उपसमितिले प्रस्ट पारेको छ। स्थानीय तहले दुई वर्ष कुनै विद्यालयमा काम गरेको शिक्षकलाई अर्को विद्यालयमा सरूवा गर्न सक्नेछ।

त्यस्तै, पाँच वर्ष सेवा गरेको शिक्षकलाई प्रदेश सरकारको शिक्षा मन्त्रालयले एउटा स्थानीय तहबाट अर्कोमा सरूवा गर्न सक्नेछ। अन्तर-प्रदेश सरूवा भने सात वर्ष सेवा गरेपछि हुन सक्नेछ। यसका लागि दुई प्रदेशको सहमतिको आवश्यकता हुनेछ।

शिक्षकको अवकाशको उमेर अब ६० वर्ष कायम हुने भएको छ। अहिले ५८ वर्ष छ। संघीय निजामती सेवा विधेयकमा जस्तो चरणबद्ध अवकाश लागू गरिने छैन। एकैपटक ६० वर्षमा अवकाश लागू हुनेछ।

# हावाहुरीको जतातत‍ै वितण्डा

झापा(प्रस) । केही दिनदेखि हावाहुरीले जतातत‍ै वितण्डा मच्चाउन थालेको छ । शुक्रवार राति अन्दाजी १०:३० बजे झापा गौरीगंज गाउँपालिका वडा नम्वर ३ ठेकीटोला बस्ने मिनादेवी राजवंशीको टिनको छाना भएको ,बाँसको टाँटीले सेन्ट्री बेरा गरेको एकतले २ कोठे घरको छाना पानीसंगै आएको हावाहुरीले उडाएको छ ।

घरको छाना पुरै उडाउँदा अन्दाजी ३५ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उता शुक्रवार राति बर्षासंगै आएको हावाहुरीले खोटाङ साकेला गाउँपालिका २ मा रहेको आधारभूत अस्पतालमा क्षति पुर्याएको छ । ढुंगा सिमेन्टले बनेको २ तले ६ कोठे आधारभूत अस्पताल भवनको टिनको छानो र सय वाटको २ वटा सोलार प्यानल उडाएको प्रहरीले जनाएको छ ।


## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

**यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।**

**अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।**

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


# तरुण दल झापा गाउँपालिकाको सभापतिमा पुनः बस्नेत

कुमरखोद(प्रस)।नेपाली काँग्रेसनिकट नेपाल तरुण दलको झापा गाउँपालिका सभापतिमा पुनः भुपेन्द्रजंग वस्नेत ५ वर्षको लागि निर्विरोध चयन भएका छन् । उनको



अध्यक्षतामा १७ सदस्यीय गाउँ कार्यसमिति गठन भएको हो ।

झापा गाउँपालिका वडा नं ३ कामाटोली वजारमा रहेको सामुदायिक भवनमा भएको तरुण दलको पाँचौ गाउँ अधिवेशनले कार्यसमितिको उपसभापतिमा श्याम गणेश , सचिव मदन लिम्वू , सह-सचिव समशेर अली, कोषाध्यक्षमा तृष्ण आचार्यलाई सर्वसम्मतले चयन गरेको छ ।

त्यसैगरी सदस्यहरुमा मनोज गौतम , कविर ठाकुर , अस्तर अली , महमद अली , आजमेर अली, मार्कुस हेमरम , उत्सव थपलिया , सादिक अली मिया , केदार गणेश , वर्षा किस्कु , तवारुक अली र खुसियन गणेश चयन भएका छन् ।

यसैगरी झापा गाउँपालिकाको सातै वटा वडामा पनि तरुण दलको सर्वसम्मत नेतृत्व चयन भएको छ । तरुण दलको वडा नं १ को सभापतिमा मौसम आलम , उपसभापति अभिराम यादव , सचिव नगेन्द्र गणेश , सह-सचिव सद्धित आलम र कोषाध्यक्ष पायल थेवे रहेका छन् । त्यसैगरी वडा नं २ को सभापतिमा हेमकुमार राजवंशी , उपसभापति रंजन टुडु , सचिव कृष्ण खड्का , सह-सचिव पिटर हेमरम , कोषाध्यक्ष गोमा परियार , वडा नं ३ को सभापतिमा मोहन मण्डल , उपसभापति सन्जहमा मोहन मण्डल , उपसभापति सन्जहाङ्ग लिम्वु , सचिव ऋषि राजवंशी , कोषाध्यक्ष पूर्णिमा पौडेल, यसैगरी वडा नं ४ को सभापतिमा अरुणकान्त झा, उपसभापति मुक्तेश्वर कुमार चौधरी , सचिव जावेद अन्सारी , सह-सचिव जसवन्त चौधरी र कोषाध्यक्ष कल्पना गणेश , वडा नं ५ को सभापतिमा आजाद अली , उपसभापति राघव यादव , सचिव विक्रम मण्डल , सह-सचिव समशेर शेख र कोषाध्यक्ष नेहा गणेश , वडा नं ६ को सभापतिमा सौरभ कार्की , उपसभापति अभिषेक शिवाकोटी , सचिव सुरज गौतम , सह-सचिव अंकित पौडेल र कोषाध्यक्ष भूमिका भट्टराई तथा वडा नं ७ को सभापतिमा अर्जुनप्रसाद सिटौला , उपसभापतिमा प्रदिप मण्डल , सचिव नविन हुसेन , सह-सचिव दिलवहादुर मगर र कोषाध्यक्ष रंजिता खड्का सर्वसम्मत चयन भएका छन् ।

नवनिर्वाचित पदाधिकारीहरुलाई कार्यक्रमका प्रमुख अतिथि जिल्ला सभापति देउकुमार थेवेले सपथ ग्रहण गराउनुका साथै वधाइ दिएका छन् । भुपेन्द्रजंग वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला सभापति थेवे , विशेष अतिथि कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक तथा तरुण दल झापाका सभापति गोपाल तामाङ , कोशी प्रदेश सांसद लखीकुमारी गणेश , क्षेत्र नं ४ का क्षेत्रीय सभापति जयनारायण शाह , महासमिति सदस्य अन्जुदेवी थपलिया , जिल्ला सदस्य शिव कँडेलले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा झापा गाउँपालिका पार्टी सभापति सागीरथप्रसाद गणेश, महाधिवेशन प्रतिनिधि टंक विश्वकर्मा र सिता थेवे , जिल्ला सदस्य जगन्नाथ राजवंशी , नेपाल मुस्लिम संघ झापाका सभापति सफिउल्ला अन्सारीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन वडा नं ६ का सभापति मनकुमार मिश्रले गरेका थिए भने स्वागत मन्तव्य ओमप्रकाश गणेशले गरेका थिए ।

## झापाका...

५६० मिलिग्राम ब्राउनसुगर बरामद

१३) पैदलयात्री मोरङ रतुबामाई - ८ बस्ने ३३ वर्षीय नबिन नेपालीको साथबाट प्लाष्टिकसहित २ ग्राम ९९० मिलिग्राम ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ । उनीहरुलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय सिजुवामा राखिएको छ ।

त्यस्तै झापा र मोरङबाट लागूऔषध ब्राउनसुगर र प्रतिवन्धित औषधीसहित थप ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रवार प्रहरी चौकी टाघनडुव्वाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बिर्तामोड नगरपालिका-७ का २८ बर्षीय मोहमद अलीलाई ३३ मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको छ ।

त्यस्तै इलाका प्रहरी कार्यालय बुधबारेले बुद्धशान्ति-४ का ३५ बर्षीय सागर खड्कालाई ५८० मिलिग्राम ब्राउनसुगरसहित पक्राउ गरेको छ । उता मोरङको इलाका प्रहरी कार्यालय उर्लाबारीले उर्लाबारी-८ का २३ बर्षीय विवेक खड्कालाई प्रतिबन्धित औषधी १०० चक्कीसहित नियन्त्रणमा लिएको छ । त्यस्तै लागूऔषधको कारोबार गरेको आरोपमा प्रहरीले उर्लाबारीबाट आमा र दुई छोरालाई शुक्रबार साँझ पक्राउ गरेको छ । सुराकीको आधारमा उर्लाबारी- ४ आइतवारेबाट ४९ बर्षिया लीलाकुमारी थारु, उनका छोराहरु २५ वर्षीय रञ्जित धामी थारु र २४ वर्षीय प्रवीन धामी थारुलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक रञ्जन बरालले जानकारी दिए । उनीहरु बस्ने कोठा खानतलासी गर्दा लुकाइराखेको ३८ वटा प्लाष्टिकको पोका पारेर राखेको ७ ग्राम २० मिलिग्राम ब्राउनसुगर, बिनाप्लाष्टिक २ ग्राम ९ सय ६० मिलिग्राम ब्राउनसुगरका साथै विभिन्न कम्पनीको ६ थान मोवाईल फोन र नगद ५ लाख ५० हजार ५ सय रुपैयाँ बरामद गरिएको प्रहरी निरीक्षक बरालले जानकारी दिएका छन् ।


## कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ४ झापा

### कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने अति जरुरी सूचना

यस संस्थाबाट बिभिन्न मितिमा कर्जा उपभोग गरि संस्थासंग गरेको शर्त कवोल अनुसार कर्जा किस्ता तिर्नु बुझाउनु पर्नेमा सर्त उल्लङ्घन भई नियमित किस्ता तिर्न बुझाउन ३५-१५ र ७ दिने पत्र बुझाउँदा समेत अटेर गर्नु भएका तपशिलमा उल्लेखित ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ . अतः सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जा चुक्ता गर्न आउनु होला अन्यथा कानून बमोजिम हुने ब्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईन्छ ।

| क्र. सं. | ऋणीको बिवरण | ठेगाना | जग्गाधनीको बिवरण | जग्गाको ठेगाना | कि.नं. | क्षेत्रफल | २०८२/२/३ सम्मको तिर्न बाँकी साँवा,ब्याज |
|---|---|---|---|---|---|---|---|
| १ | ऋणी-देबेन्द्र न्यौपाने<br>बाबु-तिल बहादुर न्यौपाने<br>बाजे-दल बहादुर न्यौपाने | दमक-७ | ज.ध.-तिल बहादुर न्यौपाने<br>बाबु-दल बहादुर न्यौपाने<br>बाजे-रणमान न्यौपाने | दमक -१२ | ७८ | २९६.२७ ब.मि | १३२४२९१२/ |
| २ | ऋणी-मनी कुमार राई<br>बाबु-आसमान राई<br>बाजे-रण बहादुर राई | दमक-५ | ज.ध.- मनी कुमार राई<br>बाबु-आसमान राई<br>बाजे-रण बहादुर राई | दमक-१० | २१ | ६१५.२० ब.मि | १०१२८३२१/ |
| ३ | ऋणी- बिकास भट्टराई<br>बाबु-रामजी भट्टराई<br>बाजे-झंक प्र. भट्टराई | बिर्तामोड-२ | ज.ध.- शोभा दहाल<br>बाबु- जय प्रसाद दहाल<br>पती-बिकास भट्टराई | जुरोपानी-७ | १९३४<br>१९३० | १५३४.५० ब.मि<br>५२३३.३५ ब.मि. | ४२९८९८३/ |
| ४ | ऋणी- साबित्री कुमारी चौधरी<br>बाबु-सोहनलाल चौधरी<br>बाजे-सिद्धिलाल चौधरी | अर्जुनधारा-६ | ज.ध.- डम्बरलाल चौधरी<br>बाबु- फागुलाल चौधरी<br>पती-शनिलाल चौधरी | अनारमनी-४ | ४२६ | १६९.३१ ब.मी | १०३४७९०/ |
| ५ | ऋणी- त्रिलोचन ओली<br>बाबु-दुर्गा प्र.ओली<br>बाजे-जय प्र. ओली | बिर्तामोड-२ | ज.ध.- दुर्गा प्रसाद ओली<br>बाबु- जय प्रसाद ओली<br>पती-नन्दलाल ओली | चारपाने-९ | २०१७<br>१४९८ | ३८.०९ ब.मि.<br>१२२.७४ ब.मि | ११४६५७४/ |
| ६ | ऋणी- कौशिला मगर<br>बाबु-कुल बहादुर मगर<br>पती- हरि बहादुर खपाङ्गी | भद्रपुर-२ | ज.ध.- कौशिला मगर<br>बाबु-कुल बहादुर मगर<br>पती- हरि बहादुर खपाङ्गी | पृथ्वीनगर-५ | ८३६ | ३२० ब.मि | ११३४८१८/ |
| ७ | ऋणी- अबिनास ढुङ्गाना<br>बाबु-राम प्र.ढुङ्गाना<br>बाजे- गजलाल ढुङ्गाना | भद्रपुर-८ | ज.ध.अबिनास ढुङ्गाना<br>बाबु-राम प्र.ढुङ्गाना<br>बाजे- गजलाल ढुङ्गाना | महेशपुर-९ | २७२ | २२३४.९४ ब.मि. | १०३९३९२/ |
| ८ | ऋणी- निलम कुमार राई<br>बाबु- कल्याण कुमार राई<br>बाजे- जगत ब. राई | भद्रपुर-३ | ज.ध. कालीमाया लिम्बु(राई)<br>बाबु- डिम बहादुर लिम्बु<br>पती- कल्याण कुमार राई | भद्रपुर-५ | १०७<br>१०५ | १४२.४० ब.मि.<br>७७.६० ब.मि. | ५६६१७९/ |
| ९ | ऋणी- गंगा सिवाकोटी<br>बाबु- पर्शुराम सिवाकोटी<br>पती-धर्म प्रसाद कडरीया | भद्रपुर-७ | ज.ध.- गंगा सिवाकोटी<br>बाबु- पर्शुराम सिवाकोटी<br>पती-धर्म प्रसाद कडरीया | महेशपुर-९ | ७४४ | १६९.३२ ब.मि | ६११६०५/ |
| १० | ऋणी- बैजु प्रसाद दाश<br>बाबु-राम शागर दाश<br>बाजे-नथुनी दाश | भद्रपुर-५ | ज.ध. पार्वती दाश<br>बाबु-सतिस राजवंशी<br>पती- बैजु प्रसाद दाश | भद्रपुर-१ | ४ | ३३८.६३ ब.मि | ७६१४५०/ |
| ११ | ऋणी- सकुन्तासरी राजवंशी<br>बाबु-छेमकु राजवंशी<br>पति- बिमल राजवंशी | कन्काई-८ | ज.ध.- सकुन्तासरी राजवंशी<br>बाबु-छेमकु राजवंशी<br>पति- बिमल राजवंशी | घैलाडुवा-९ | २०७५ | १३५.४६ ब.मि. | २५६९४८८/ |
| १२ | ऋणी- रोशन आचार्य<br>बाबु-राम प्र.आचार्य<br>बाजे-पदम प्र. आचार्य | बुद्धशान्ती-७ | ज.ध.रोशन आचार्य<br>बाबु-राम प्र.आचार्य<br>बाजे-पदम प्र. आचार्य | शान्तिनगर-६ | १७३८ | १३९६.८५ ब.मि | १११४८६९/ |
| १३ | ऋणी- राधा राजवंशी<br>बाबु- टहलाल राजवंशी<br>ति- जयदेव राजवंशी | मे.न.पा.-१२ | ज.ध. - संजिव राजवंशी<br>बाबु- जयदेव राजवंशी<br>बाजे- कम्रचन राजवंशी | धाईजन-४ | १२८० | ३४७.०९ ब.मि | ११५२९५३/ |
| १४ | ऋणी- तजेमुल हुसेन<br>बाबु-खलिल मिया<br>बाजे-अब्दुल लतिल मिया | बाह्रदशी-४ | ज.ध.- तजेमुल हुसेन<br>बाबु-खलिल मिया<br>बाजे-अब्दुल लतिल मिया | चकचकी-६ | १३०२ | ८२९.६३ ब.मि. | ४२००२१३/ |
| १५ | ऋणी- देवकुमार यादव<br>बाबु-बिश्वेस्वर यादव<br>बाजे-जमादर यादव | बाह्रदशी-२ | ज.ध.- शुसिला यादव<br>बाबु- गुडगुडी यादव<br>पती- देवकुमार यादव | राजगढ-५ | १६६५ | १६९.३० ब.मी. | ११४६५३६/ |
| १६ | ऋणी- एमनाथ राजवंशी<br>बाबु-जगुलाल राजवंशी<br>बाजे-मुखमील राजवंशी | बाह्रदशी-१ | ज.ध.- एमनाथ राजवंशी<br>बाबु-जगुलाल राजवंशी<br>बाजे-मुखमील राजवंशी | राजगढ-१ | ७८८<br>२६४८ | १५५ ब.मि<br>२११.३७ ब.मि | ५७४१६१/ |
| १७ | ऋणी- मुस्ताक आलम<br>बाबु-निजाम मिया<br>बाजे-मो.ईद्रिस मिया | बाह्रदशी-४ | ज.ध.- मुस्ताक आलम<br>बाबु-निजाम मिया<br>बाजे-मो.ईद्रिस मिया | चकचकी-८ | १५३२ | ६७७.२६ ब.मि. | ५११७९१/ |
| १८ | ऋणी- सुरेन राजवंशी<br>बाबु-चन्द्र प्र.राजवंशी<br>बाजे-चिहारु राजवंशी | बाह्रदशी-१ | ज.ध.- सुरेन राजवंशी<br>बाबु-चन्द्र प्र.राजवंशी<br>बाजे-चिहारु राजवंशी | राजगढ-१ | २८६५ | १६९.३० ब.मि. | १३७२४४३/ |
| १९ | ऋणी- बासिहा खातुन<br>बाबु- बाजिदिन मिया<br>पती- साबिर महमद | बाह्रदशी-४ | ज.ध.- साबिर अहमद<br>बाबु- सबदर अलि<br>बाजे- कडलु मिया | चकचकी-३ | ३५<br>१४१ | ३०५.२० ब.मि<br>४७४०.८२ ब.मि | १२६५५९७/ |
| २० | ऋणी- असगर मिया<br>बाबु-नमिज मिया<br>बाजे-फैजली मिया | बाह्रदशी-४ | ज.ध.- असगर मिया<br>बाबु-नमिज मिया<br>बाजे-फैजली मिया | चकचकी-८ | १०६० | १०१५.९२ ब.मि. | ३१९९५७/ |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## त्यो भेट



• टङ्क भट्टराई

जीवन यात्रा हो हिंडिरहनुपर्छ
हिंड्दै थिएँ म कतै
एउटा चौतारीमा तिमीसँग भेट भयो
तिमी एक्लै थियौ, म पनि एक्लै
तिमी मुस्कुरायौ, म पनि मुस्कुराएँ
तिमी बोल्यौ, म पनि बोलें
वसन्तको मधुमास
नजिकै वनमा गुराँस ढकमक्क फुलिरहेको
कतै पर धुपिसल्लाको रूखमा कोइली कराइरहेको
खोला सङ्गीतमग्न सुसाइरहेको
पारि क्षितिजमा हिमाल टल्किरहेको
म तिमीलाई लिएर गुराँश नजिकै गएँ
हामी दुवैले गुराँशलाई हेरिरह्यौं
कस्तो अद्भूत सौन्दर्य
कस्तो मोहिनी आकर्षण
तिमी त्यही गुराँशजस्तै त थियौ
मैले दुई थुङ्गा गुराँस टिपें
एक थुङ्गा तिम्रो चुल्ठोमा सिउरिदिएँ
अर्को थुङ्गा तिमीलाई उपहार दिएँ
त्यो एकै छिन पनि
हामी एक-अर्कामा कति डुबेका थियौं हगि !
समयको नियति
हाम्रो गन्तव्य बेग्लाबेग्लै
हिंड्ने बाटो बेग्लाबेग्लै
हामी त्यही चौतारीबाट छुट्नुपर्ने थियो, छुट्यौं
छुटेर पनि तिमी मसित थियौ, म तिमीसित
यादहरूमा डुब्दै-उत्रिंदै एकसुरले हिंडिरहँदा
थाहै नपाई एउटा गीत गुन्गुनाएछु-
'वरको हाँगो भुईं कहिल्यै छुँदैन
फेरि भेट हुन्छ कि हुँदैन ।'
हो, वसन्त बहार सधैं कहाँ रहिरहन्छ र !
यो गुराँस सधैं कहाँ फुलिरहन्छ र !
त्यो कोकिलकण्ठ कहाँ सुनिरहन पाइन्छ र !
म पनि त यात्री हुँ, जानु छ कतै
तिमीलाई मनभरि बोकेर म हिंडिरहें
शायद तिमीले पनि त्यसै गर्‍यौ
पर पुगेपछि
त्यो फूल, त्यो चौतारी, नदी, हिमाल सबै ओझेल परे
फेरि त्यही रित्तो मन, त्यही थकित यात्रा
एकछिनको खुसी त पाहुना पो रहेछ
उही वसन्तमा मात्र पालुवा पलाएजस्तो
अब साँच्चै !
फेरि यो बाटो म कहाँ हिंड्छु होला र !
यही चौतारीमा कहाँ बिसाउँछु होला र !
हिंडें भने पनि
यसैगरी ढकमक्क गुराँस फुलेको बेला
कहाँ आउँछु होला र !
आएँ भने पनि
तिमीलाई यही चौतारीमा कहाँ भेट्छु होला र !
०००

गजल

## थाहा छ



• मोनिका अर्याल

भरे सपनीमा आउँछौ थाहा छ
सुटुक्क पिरती लाउँछौ थाहा छ

लुकाएरै राख्छु मनको कुरा म
सुइको तिमीले पाउँछौ थाहा छ

हुनेछैन केही तिमीसँग गुनासो
याद बनेर सताउँछौ थाहा छ

गुनगुनाउँछु तिम्रो नाम आजभोलि
गीत तिमी मेरै गाउँछौ थाहा छ

शिखर चढुँ पनि अब छैन डर
लडेछु भने समाउँछौ थाहा छ ।

# मिडल क्लास ड्रिम्स !



• विकल्प न्यौपाने

सिरिरि बतास चल्दै थियो, हावाले सुस्केरा लगाउँदै पानीका स-साना थोपाहरू मेरो सर्टको बाहुलामा बसिँदै थिए– तप, तप। गर्मीको समयमा त्यो प्रत्येक पानीको थोपाले शरीरमा जो आनन्द दिन्थ्यो, त्यो अपूर्व थियो।

त्यो दिन पानी निरन्तर परिरहेको थियो अनि म पानी परेको देख्नासाथ माटोको गन्धलाई महसुस गर्दै बाहिर निस्कने योजना बनाउँदै थिएँ। पानी अझै निकै घना पार्दै पर्न लागेको जस्तो लाग्यो, त्यसैले म रुमतर्फ लागेँ।

रुम पुग्नासाथ पानी झन् जोरसँग पर्न थाल्यो, छानामा परिरहेको पानीको आवाज अनि त्यो हावाको सुसेलीले झन् मौसमलाई रोमाञ्चक बनाउँदै थियो। त्यत्तिकैमा कल आयो, 'हेलो, कहाँ छौ तिमी?'

मैले जवाफ दिएँ, 'रुममै छु, किन र?'

अलि मलिन स्वरमा साथीले भन्यो, 'रुममा आऊ न कुरा गर्न छ।'

मसँग खासै काम थिएन, त्यसैले उसको रुमतर्फ लागेँ।
उसको कोठामा छिर्ना साथ अलि छ्स्स रक्सीको गन्ध पाएँ– सायद उसले एक-दुई पेग खाएको हुनुपर्छ। अरू बेला खासै रक्सी खाने मान्छे त हैन फेरि? तर उसलाई चुरोटको चाहिँ खुब लत लागेको थियो।

ऊ आफैँ भन्थ्यो– 'चुरोट र मेरो सम्बन्ध नङ र मासु जस्तो छ।' तर त्यो दिन ऊ अलि भावुक देखिन्थ्यो।

म जानासाथ उसले एक चुरोट मुखमा हाल्दै लाइटर बाल्न थाल्यो अनि आँखा चिम्लेर धुवाँ उडाउँदै भन्यो, 'म के गरूँ यार?'

म उसको अनुहारतिर फर्किंदै भनेँ, 'किन? के भयो र?'

'यो घरबाट निस्किहाल्नु भन्दै छन् यार, घरबेटीले। कहिले पानीको टेन्सन, कहिले मिटर बक्स बन्द गरेर हिँड्छन्, कहिले नुहाउँदा नुहाउँदै ट्यांकी बन्द गर्छन्। म दिक्क भइसकेँ यार, यो काठमाडौँमा बस्न। मेरा बुवा-आमाले छोरालाई काठमाडौँ पढाउन पाए त के-के नै होला भन्दै गाउँको सानो टुक्रा जमिन बेचेर प्लस-टुमा साइन्स पढाउन काठमाडौँ पठाएका। म के गर्दै छु? अनि त्यहीँमाथि काठमाडौँका घरबेटी– उफ्!'

उसको स्वरको मलिनताले नै मैले समस्याको गहिराइ बुझिसकेको थिएँ। मेरो पनि सानैदेखि काठमाडौँमै बसोबास थियो। हाम्रो परिवार पनि सानैदेखि भाडामा बसोबास गर्दै आएको हुनाले म उसको पीडा बुझ्थेँ।

ऊ फेरि अर्को चुरोटको खिल्ली मुखमा हाल्दै बोल्न थाल्यो। मैले उसको हातको चुरोटको खिल्ली समातेर त्यही एस्ट्रेमा दबाएँ। उसले अर्को चुरोट मुखमा हाल्दै भन्यो, 'आज मलाई नरोक् यार, आखिर कहिलेसम्म यस्तो? यो मिडल क्लास फ्यामिलीमा हुर्किंदा त आफ्नै सपनाको बोझमा दबिनु पर्ने रहेछ यार। सुरुमा घर बनाउँछु अनि बुवा-आमालाई राख्छु, गाडी किन्छु, १०-५ जागिर खान्छु– यहीँ केही गर्छु। तर भने जस्तो केही हुँदैन रहेछ यार। के सोचेको थिएँ, के भयो। म आफ्नै सपनाको बोझमा अड्किएको छु, जिम्मेवारीको बोझले दबिएको छु' भन्दै आँखा रसाउन थाल्यो।

रुन्चे बोली बोल्दै अर्को चुरोटको खिल्ली मुखमा लगाउन थाल्यो। मैले फेरि उसको चुरोट एस्ट्रेमा दबाउन खोजेँ।

'ला यार खान्न अब बाट। दिक्क लागिसक्यो यो चुरोटको लत देखेर नि। न छोड्न सक्छु, न यसलाई पछुतो नमानी पिउन नै सक्छु।'

उसको मन रोएको थियो। ऊ बुझ्थ्यो कि उसका काँधमा धेरै जिम्मेवारी छन्, उसका बुवा-आमाको आस ऊमाथि थियो। उसका बुवा-आमाले आफूले देखेका सपना उसले पूरा गरोस् भनेर चाहन्थे होलान् सायद।

उसले देखेको सपना ठुलो पनि थिएन– एउटा आरसिसी गरेको पक्की घर। ऊ फेरि घर फर्किंदा त्यो गाउँको पुरानो भूकम्पले हल्लिएको माटोको घर देख्न चाहँदैन थ्यो। त्यसैले नै होला यति आत्तिएको।

उसका आँखा रसाउन थालिसकेका थिए, 'म के गरूँ?' भन्दै ऊ सुँक्क सुँक्क गर्दै रुँदै थियो। म आफै पनि निःशब्द भइसकेको थिएँ।

'आज यतै बस् ल? मलाई आज एक्लै बस्न मन छैन' भन्दै उसले गोजीमा भएको १०० रुपैयाँ निकालेर, 'बरु मासु ल्याउँला अनि खाउँला' भन्यो। मैले 'हुन्छ' को इसारा गर्दै टाउको हल्लाएँ। ऊ फेरि बोल्न थाल्यो– ऊ रक्सीको नशामा भए पनि कुरा निकै गम्भीर गर्दै थियो। गाउँको केटो, फेरि घरको एक्लो छोरो। बुवा-आमाले पनि निकै माया गर्नुहुन्थ्यो।

यतिकैमा उसको घरबाट फोन आयो। ' मलाई नबोल् है' भनेर आँसु पुछ्दै आफ्नो आवाजको टोन मिलाउँदै बोल्यो, 'हजुर बा, मेरो सबै ठिक छ यता, त्यहाँ के छ हजुरको? आमा कस्ती छन्?'

'यताको ठिकै छ, निकै छिन् आमा पनि। पढाइमा ध्यान दे है। तँलाई सजिलै खाता पैसा पठाइदिएका छौँ त, बस पढ् मात्र। घाँस दाउरा गर्न पर्दैन क्यारे, बस पढ्नमा मात्र ध्यान दिनु' भन्दै फोन काटे।

ऊ लामो सास फेरेर खाटमा पल्टियो।

उसले भोगेका भोगाइ कम थिए र! तर अक्सर बुवा-आमासँग फोनमा बोल्दा हाम्रो पाला जस्तो दुख कहाँ छ र तिमीहरूलाई भन्दै गाली गर्ने गर्नुहुन्छ। तर यो बेला फरक छ, समाज फरक छ। कतै थकाइ लाग्दा बाटोमै सजिलै बस्न दिँदैनन् आजकल, घाँटीले प्याक-प्याक हुँदा एक गिलास पानी माग्दा पनि २० रुपैयाँ भयो भन्छन्– यस्तो जमाना छ अहिले।

त्यसैले भन्छन् नि– सबैको भोगाइ आ-आफ्नै हुन्छ, कुनै बेलाको भोगाइ कम र धेरै भन्न चाहिँ नहोला जस्तो लाग्छ मलाई।

त्यसपछि हामी तरकारी किन्न बाहिर निस्क्यौँ। हामी मासु, टमाटर, प्याज सबै किन्दै थियौँ। साथीले सोध्यो, 'दिदी, कति भयो पैसा?'

उता बाट जवाफ आयो, '१५०।'

'दिदी खातामा लेखिदिनु ला।'

'जे पनि खातामा लेख्नु?, अनि त्यो त्यो खुर्सानी किन हाल्या प्लास्टिकमा सितैमा आउँछ त्यो खुर्सानी?' भन्दै झर्किइन्।

उसले खुर्सानी त्यहीँ छोड्यो र हामी रुमतिर फर्कियौँ।

उसले त्यो दिन खुब मिठो मासु बनाएर खुवायो। अर्को दिन बिहान म आफ्नै रुम फर्किएँ।

त्यो दिनपछि म उसको रुममा खासै जान भ्याइएन भनौँ। कहिलेकाहीँ फोनमा भने कुरा हुन्थ्यो। म पनि ब्याचलर्स पढ्न थालेँ, ऊ सम्पर्कविहीन हुन थाल्यो। मसँग न उसको नम्बर थियो, न उसले फेसबुक चलाउँथ्यो।

कहिलेकाहीँ प्लस-टुका साथीहरूसँग भेट्दा म उसलाई सोध्थेँ– 'ओइ, कहाँ छ त त्यो सजीव अहिले?'

उनीहरू पनि जवाफविहीन नै हुन्थे।

ब्याचलर्सपछि मैले एउटा प्राइभेट कम्पनीमा जागिर गर्न थालेको थिएँ। त्यो बेला त्यति धेरै साथीहरू पनि थिएनन्।

यसरी नै समय बित्दै १० वर्ष कटिसकेछ।

'ममी, म निस्केँ है' भन्दै हतार-हतार बाहिर निस्किँदै थिएँ। बाइक स्टार्ट गरेर म अफिसतर्फ लागेँ। रेड लाइट थियो, अफिस पुग्न हतार। अचानक मेरो हेराई एक ठाउँमा अड्कियो।

'ओइ सजीवे?'

म अचम्ममा परेँ। ऊ सरकारी गाडीमा थियो। उसले मलाई देख्नासाथ उसको अनुहारको रंग फेरियो।

'ओइ तँ, कता हराएको यत्रो वर्ष ?'

उता ट्राफिक सिठी फुक्दै थियो। हामीले गाडी एक साइडमा लगायौँ, ऊ आफ्नो ड्राइभरलाई केही इसारा गर्‍यो र मतिर फर्किंदै दाँत देखायो।

म उसलाई बस्नको इसारा गर्दै त्यहाँबाट उसलाई एक रेस्टुरेन्टमा लिएर गएँ। त्यो दिन अफिस नै हाँपेँ। एस्ट्रे ऊतिर पास गर्दै थिएँ, उसले खिस्स दाँत देखाउँदै भन्यो, 'चुरोट छाडेँ यार, परिस्थितिले छुटायो भनौँ।'

म झन् खुसी हुँदै दाँत देखाएँ।

'घर बनाइयो यार, आरसिसी वाला, राम्रो हुँदै छ सब अहिले' भन्दै उसले थप्यो।

'अनि तेरो?' भनेर भन्दै मतिर हेर्‍यो।

'म पनि खुसी छु, एउटा प्राइभेट कम्पनीमा जागिर गर्दै छु, ठिकै छ सबै।'

'अनि यत्रो समय कहाँ हराइस्? बिर्सेको?' मैले सोधिहालेँ।

'हैन यार, ब्याचलर्स खुब मेहनत गरेर पढियो अनि लोक सेवा तयारी नि गर्दै थिएँ, हेर न फोनहरू खासै चलाइएन त्यसैले। तर खुब सम्झिन्थेँ तँलाई। पछि तैँले पनि नम्बर चेन्ज गरेछस् अनि 'कन्ट्याक्टलेस' भयौँ नि।'

'ल ल माफ गरिदिएँ तँलाई' भन्दै म खिस्स हाँसेँ।

'अब चाहिँ नबिर्सी नि तेरो दाइलाई' भन्दै उसलाई हेरेँ।

त्यो दिन धेरैपछि आफ्नो मिल्ने साथीसँग भेट भयो। त्यहीँ साथी, त्यही ठाउँ तर फरक समय। अंग्रेजीमा भनिन्छ नि- 'बेस्ट थिङ अबाउट टाइम इज इट चन्जेज।'

# 'तिमी अझै अधिकृत भएकी छैनौ?'



• सविता पौडेल

शनिवारको दिन! भर्खर कखरा सिक्दै गरेको बच्चा होस, सङ्घर्षमा होमिएको विद्यार्थी वा जागिरे जोसुकै किन नहोस्, यो दिनको महत्त्व सबैलाई उत्तिकै हुन्छ। म पनि सोही मध्येकी एक जो थिएँ।

एकाबिहान मोबाइलको अलार्म र आँखाको निद्रालाई एकअर्काको दुस्मन बनाउँदै हतार हतार कलेज जानुपर्ने झन्झटबाट एक दिनलाई भए नि मुक्ति पाएकी थिएँ। सोही अनुरूप अरू दिनभन्दा केही ढिला आँखा खुले।

ओहो! धेरै ढिला नै भएछ कि क्या हो सोच्दै समय हेर्न छेउको मोबाइल लिएँ। सधैँजस्तो सुनसान रहने मोबाइलको म्यासेज बक्समा एकाबिहानै नयाँ म्यासेजको नोटिफिकेसन आएको थियो। आज त अचम्मै भएछ सोच्दै म्यासेज बक्स खोलेँ।

नाम सेभ नभएको एउटा नम्बरबाट 'म बुटवल आएकी छु, तिम्रो ठेगाना पठाऊ त मिलाएर भेट्छु' म्यासेज थियो।

अनौठो मान्दै एकछिन सोचेँ- को हो यो? नचिनेकै मान्छे भए म्यासेज नआउन पर्ने। एक मनले जोसुकै होस किन धेरै सोच्नु कसैले झुक्काएको होला सोच्यो। फेरि अर्को मनले सोच्यो आएकी छु भनेपछि पक्कै कोही मेरो चिनजानको केटी साथी वा आफन्त मध्ये कोही हुनुपर्छ एक चोटि कल गरी हेर्छु।

दुई मनको दोधारमा फोन गर्ने सोचले जित्यो। कल लगाएँ, दुई रिङमै फोन उठ्यो। 'हेलो! हजुर को बोल्नु भएको होला?' सिधै प्रश्न गरेँ।

'ए! म इशा हो।'

यति भन्नासाथ बोलीबाटै चिनिहालेँ। नचिन्नु पनि कसरी? मेरो बाल्यकालदेखिकी मिल्ने साथी थिइन् उनी।

'इशा! एक्कासि यति धेरै दिनपछि सम्झियौ त?' पुनः प्रश्न गरेँ।

उताबाट 'काठमाडौँबाट अघि मात्रै आइपुगेँ अनि तिमीलाई सम्पर्क गरेको। साँझ नै गाउँ जानु छ, यसो तिमीलाई पनि भेटौँ भनेर सम्झिएकी' जवाफ आयो।

'बुटवल कहाँ छ? म लिन आउँला' भनेँ।

उनले भनेको ठेगानाअनुसार त्यहाँबाट मेरो डेरा आउन करिब एक घण्टा लाग्ने कुरा सुनाएँ र माइक्रोमा आउन सल्लाह दिएँ।

इशा, उमेरमा मभन्दा ४.५ वर्षले जेठी भए तापनि सानैदेखि सँगै हुर्कियो, बढियो, खेलियो। उच्च शिक्षाको लागि गाउँ छाडेपछि हाम्रो बोलचाल सामाजिक संजालहरूमार्फत भइरहन्थ्यो तर भेट नभएको वर्षौं भएको थियो।

मन यसै फुरुङ्ग थियो, वर्षौंपछि बाल्यकालकी साथीसँग भेट्न पाउँदै थिए। रात्रि बसको यात्रा गरेर आउँदा थाकेकी होलिन् छिटो-छिटो खाना तयार पारिदिन्छु सोच्दै सब्जी राख्ने टोकरी हेरेँ। त्यो टोकरीले कति दिनदेखि हरियो सब्जीको दर्शन नपाएको थियो, त्यो उसैलाई थाहा थियो। आखिर गर्मी, अल्छी अनि थकानले गर्दा आमाले गाउँबाट मायाले राखिदिएको गुन्द्रुक र मस्यौराले छाक टारेको नै धेरै दिन जो भएको थियो।

डेरामा एक्लै बस्दा खाना बनाउन जाँगर नचल्नु मजस्तै परिवारबाट टाढा बस्नेहरूका लागि कुनै नौलो कुरा होइन। नजिकैको पसलमा सब्जी लिन निस्किएँ।

यत्तिकैमा फोन आयो। फोन इशाकै थियो, 'म तिमीले भनेको ठेगानामा आइपुगेँ, अब कुन गल्ली हो?'

मैले 'एकैछिन पख, म आइपुगेँ' भन्दै लिन गएँ।

कयौँ वर्षपछि देखेको भएर होला नचिनिने भएकी थिइन्। एकछिन त हेरेको हेरै भएँ।

'अहो! तिमी त कस्तो नचिनिने भएकी' दुवैको मुखबाट एकैचोटि वाक्य निस्कियो।

उनको झोला लिएर डेरातर्फ लाग्यौँ। खाना बनाउँदै बाल्यकालमा सँगै बिताएका ती पलहरू सम्झियौँ जुन निकै मिठा यादहरू बोकेका थिए। सङ्घर्षको मैदानमा आए पछिका केही तिता तथा केही मिठा यादहरू पनि नथपिएका होइनन् तर हाम्रो लागि बाल्यकालका दिनचर्या नै प्रिय थिए।

केही बेरको उनको आराम तथा खाना खाने काम सकेपछि दिउँसो कतै निस्किने अनि साँझ रात्रि बसमा उनी गाउँ फर्किने योजना बन्यो।

❖ बाँकी तेस्रो पृष्ठमा

# मदन-आश्रित स्मृति दिवसमा विविध कार्यक्रम

झापा(प्रस)। नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको ३२ औं स्मृति दिवसका अवसरमा शनिवार झापाका अलग अलग स्थानमा विविध कार्यक्रम सम्पन्न भएको छ । २०५० जेठ ३ गते चितवनको दासढुङ्गामा रहस्यमय जिप दुर्घटना परी दुवै नेताको निधन भएको दिनको सम्झनामा झापामा पार्टी र भ्रातृ संगठनहरुले कार्यक्रम आयोजना गरी मदन-आश्रित स्मृति दिवस मनाएका छन् ।
स्मृति दिवसको सम्झनामा मदन भण्डारी फाउन्डेसन झापाले मानव सेवा आश्रम झापा शाखालाई नगद रु ११ हजार र खाद्यान्न सामग्री प्रदान गरेको छ ।
मदन भण्डारी फाउन्डेसन झापाका अध्यक्ष हरिचरण शिवाकोटी, केन्द्रीय सदस्य चिन्तन पाठक,मेचीनगर नगरपालिकाका उपप्रमुख मिना पोखरेल उप्रेती ,बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौला, संस्थाका सचिव शिव ढुंगेल, कोषाध्यक्ष गणेश पोखरेल, आश्रमका अभिभावक नीलकण्ठ तिवारी, मेचीनगर नगरपालिका वडा नं ५ का अध्यक्ष कनकबहादुर कार्की , वडा नं ४ का अध्यक्ष अर्जुन कार्की, वडा नं २ का अध्यक्ष दीपक बराललगायतको उपस्थिति रहेको थियो ।
त्यस्तै नेकपा एमाले झापा जिल्ला कमिटीको आयोजना तथा विर्तामोड नगर कमिटीको सह –आयोजनमा बृहद रक्तदान कार्यक्रम भएको छ । जिल्ला पार्टी कार्यालय विर्तामोडमा नेपाल रेडक्रस सोसाईटी उपशाखा विर्तामोडको प्राविधिक सहयोगमा भएको कार्यक्रममा एकसय बढीले रक्तदान गरेको एमाले विर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराईले जानकारी दिएका छन् ।

# अब एक घण्टाभित्रै श्रम स्वीकृति




झापा(प्रस) । वैदेशिक रोजगार विभागले एक घण्टाभित्रमा श्रम स्वीकृति दिने गरी तयारी गरेको छ । विभागले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) प्रणालीमा सुधार गरी एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी तयारी गरेको जानकारी दिएको छ । विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले एक साताअघिसम्म एक व्यक्तिले श्रम स्वीकृति लिन आठ-१० दिन लाग्ने गरेकामा अहिले तीन दिनमा झारेको र अबको तीन/चार एक घण्टामा गर्ने तयारी गरेको जानकारी दिए ।
वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले फेमिस प्रणाली प्रयोगमा ल्याएको हो । प्रणालीमा समय समयमा समस्या आउने गरेपछि श्रमिकहरू समस्यामा पर्ने गरेका छन् । वैदेशिक रोजगारीसँग सम्बन्धित संस्थागत उजुरी, राहत तथा उद्धार र क्षतिपूर्ति समयानुकुल छुट्टै निर्देशिका/कार्यविधि तर्जुमा गरी लागु गरिने जानकारी दिएका छन् ।

विश्वको कुनै पनि कुनाबाट श्रम स्वीकृतिका लागि श्रमिकले आवेदन दिँदा एक घण्टाभित्रमा श्रम स्वीकृति दिन सक्ने गरी प्रणाली सुधार हुने उनको भनाइ छ । महानिर्देशक भट्टराईले वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, व्यवस्थित, मर्यादित र समयानुकुल बनाउने गरी विभागका उपमहानिर्देशकको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरी काम अध्ययन भइरहेको जानकारी दिएका छन् ।

# तलब वृद्धि गर्न माग

झापा(प्रस) । नेपाल निजामती कर्मचारी सङ्गठनले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा न्यूनतम तलबमान ४० हजारलाई आधार मानी कार्यालय सहयोगीदेखि मुख्यसचिवसम्मको तबलमान भारलाई अहिलेको कर्मचारीको तलब शतप्रतिशत वृद्धि भए पनि थेग्न नसक्ने सङ्गठनको बुझाइ छ । कर्मचारीको तबल समयानुकूल हुने गरी शिक्षा, स्वास्थ्य, आवासका क्षेत्रमा कर्मचारीलाई सुविधा प्रदान




निर्धारण गर्न आग्रह गरेको छ ।
नेपाल निजामती कर्मचारी सङ्गठनले आर्थिक वर्ष २०८२/८३ को बजेटमा कर्मचारीको सवाल विषयक अन्तर्क्रिया कार्यक्रममा बजेट कर्मचारीमैत्री हुनुपर्ने माग गरेको हो ।
बद्दो गतिमा रहेका आर्थिक गर्न बजेट ल्याउन सरकारलाई आग्रह गरिएको हो ।
नेपाल निजामती कर्मचारी सङ्गठनका महासचिव रामचन्द्र अधिकारीले निजामती कर्मचारीको तबल समयानुकूल बनाउनुपर्नेमा सबै कर्मचारी एकमत भएको बताएका छन् ।

# भद्रपुर नगर प्रतिष्ठानको बृहत कार्यक्रम

भद्रपुर(प्रस) । भद्रपुर नगर कला, साहित्य तथा संगीत प्रतिष्ठानको आयोजनामा भद्रपुरमा बृहत साहित्यिक एवम् सांगीतिक कार्यक्रम सम्पन्न भएको छ ।
प्रतिष्ठानका कार्यवाहक अध्यक्ष फणिन्द्र पोखरेलको अध्यक्षता




तथा भद्रपुर नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा कविता वाचन, गायन तथा नृत्य प्रदर्शन गरिएको हो ।
महेन्द्र कोइरालाले स्वागत गरेको कार्यक्रममा भद्रपुरका स्थापित साहित्यिक, सांगीतिक श्रष्टादेखि नव प्रतिभासम्मले एउटै मञ्चमा उभिएर आ–आफ्नो कला प्रदर्शन गरेका थिए ।
डिल्लीरमण नेपाल र धनकुमारी खरेल लताले सञ्चालन गरेको कार्यक्रममा प्रा.डा गंगाप्रसाद अधिकारी, सह प्राध्यापक होम सुवेदी, कवि विरही अधिकारी, जयन्ती मानी, सत्यनारायण तायल, तीर्थ चापागाई, अनिता राजवंशी, हरिप्रसाद न्यौपाने, उषा गुरूङ, ज्ञानमणि भूर्तेल, राजु बराल लगायत दर्जनबढी कवि कवयत्रीले आ–आफ्ना कविता प्रस्तुत गरेका थिए ।
यस्तै गायक निरज पोखरेल, गायिका मिना आचार्य गुरागाईलगायतले गीत गाएर सुनाएका थिए भने अदिति राजवंशीलगायतले नृत्य प्रस्तुत गरेका थिए ।
प्रजातान्त्रिक योद्धा दिव्य भूर्तेललाई सम्मान गरिएको कार्यक्रममा भद्रपुरका साहित्यिक, कला, राजनीतिक र सामाजिक व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

# शोधपत्र बुझाउन बाँकी विद्यार्थीलाई अन्तिम मौका

झापा(प्रस)। त्रिभुवन विश्वविद्यालयले विभिन्न अध्ययन संस्थान तथा सङ्कायहरूमा सञ्चालित स्नातकोत्तर तहका वार्षिक एवं सेमेस्टर प्रणाली अन्तर्गतका कार्यक्रमहरूमा अध्ययन पुरा गरी परीक्षा समेत उत्तीर्ण गरिसकेका तर शोधपत्र बुझाउन बाँकी रहेका विद्यार्थीहरूलाई अन्तिम मौका दिने भएको छ ।



परीक्षा उत्तीर्णलाई २०८२ पौष महिना भित्र र त्रिवि परीक्षा नियन्त्रण कार्यालयबाट २०८२ सालमा सञ्चालन हुने मौका परीक्षामा सहभागी हुने विद्यार्थीहरूको हकमा मौका परीक्षा सम्पन्न भएको अन्तिम मितिले ३ महिना भित्र थेसिस बुझाउन सक्ने गरी अन्तिम एक पटकका लागि अवसर उपलब्ध गराउन स्वीकृति दिइएको हो ।

त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिको गत वैशाख २९ गते बसेको बैठकले गरेको निर्णयको आधारमा मानविकी तथा सामाजिक शास्त्र संकायका लागि यस्तो परिपत्र जारी गरिएको हो ।

## 'तिमी ...

गाउँमा घर नजिकै भएकोले उनी जाँदा मैले पनि बाबाआमालाई केही फलफूल तथा कोसेली पठाइदिने सोचमा बजार गयौं। त्यहाँ नजिकैको पार्कमा पुग्यौं। कयौं वर्षपछिको भेट स्मृतिको लागि पनि फोटा खिच्नु, टिकटक बनाउनु स्वाभाविक थियो।

हामी फुरुङ्ग हुँदै रमाइरहेका थियौं। यत्तिकैमा पछाडिबाट कसैले, 'एक्सक्युज मि' भनेको आवाज सुनियो। दुवै जनाले फर्किएर पछाडि हेर्‍यौं।

आवाज कहीं कतै सुनेको परिचित जस्तो त लागेको थियो। फर्किएर हेर्दा त मान्छे पनि परिचित लाग्यो। उनी अरू कोही नभएर इशाकै स्कुले दिनका प्रेमी थिए। बाल्यकालदेखि नै नजिक भएको भएर म उनलाई पनि राम्रोसँग चिन्थें। उनी त्यहाँ एक्लै थिएनन्, साथमा हाम्रै उमेरकी एउटी केटी रातो सिन्दूरले रङिएको शिरसँगै उनको साथमा उभिएकी थिइन्।

एकैछिन त दुवै पक्षमा मौनता छायो। मैले इशा र ती व्यक्तिको मुहार पालैपालो हेरैं। पूर्णिमाको जून जस्तो हँसिलो त्यो मुहारमा एक्कासि औंसीको रात जस्तो अन्धकार झल्किरहेको पाएँ। मौनता चिर्न खोज्दै भनें- 'हजुर, भन्नुस् केही सहयोग चाहियो कि?'

उनी मौन थिए तर छेउकी उनकी पत्नीले भने हामी दुई जनाको एउटा फोटो खिचिदिनु न है भन्दै आइफोन मेरो हातमा थमाइदिइन्।

म दुई ढुङ्गा बिचको तरुल जस्तै भएकी थिएँ। के भनौं, के गरौं भएको थियो। हस् भन्दै फोटो खिचिदिन लागें। एउटा दुइटा फोटो खिचेपछि तिनीहरू दुवै जना त्यहाँबाट हिंडे।

उनीहरू त गए तर यता इशाको हाल के भइरहेको थियो म राम्रोसँग बुझ्दथें किनकि उनीहरूको सानै देखिको त्यो प्रेम, दुवै जना सरकारी जागिरमा प्रवेश गर्ने त्यो सपनाको प्रत्यक्षदर्शी म थिएँ।

उनीहरू प्रेममा छँदा कहिलेकहीं सानो कुरामा मनमुटाब हुँदा झगडा मिलाउन जानी नजानी प्रेमको न्यायाधीश धेरै पल्ट बनेका ती पलहरू झलझली घुम्न थाले। गाउँमा हुँदासम्म सबै राम्रै थियो। मभन्दा केही ब्याच सिनियर भए पनि कहिल्यै त्यस्तो अनुभव हुँदैन थियो। निकै मिल्थ्यौं हामीहरू।

पछि उनीहरू दुवै जना उच्च शिक्षाको लागि काठमाडौं छिरे। केही वर्षपछि म पनि गाउँदेखि बुटवलको यात्रा तय गरेकी थिएँ। अलग परिवेश अलग ठाउँ भए तापनि मित्रता उस्तै थियो। इशाले हरेक दिन सँगै लोक सेवाको क्लास लिएको, विभिन्न ठाउँ घुम्न गएकोदेखि लिएर सँगै बिताएका हरेक कुरा मलाई प्रायः मौका मिल्दा, लामो समयसम्म कलमा कुरा हुँदा सुनाइराख्थिन्।

भनिन्छ- हुर्किएको गाउँठाउँ अनि त्यहाँको परिवेशअनुसार हरेक मानिसमा केही न केही प्रभाव ल्याउँछ। हाम्रो गाउँघरका हामीजस्ता दाइदिदीहरू कोही लोक सेवाको तयारीमा त कोही सरकारी सेवामा प्रवेश गरेको देख्दा प्रायः धेरैको रोजाइमा लोक सेवा पर्दथ्यो र उनी अर्थात् इशाको प्रेमीको पनि सानैदेखि सरकारी सेवामा निकै रुचि थियो।

इशा भने त्यत्ति जाँगर देखाउँदिन थिइन्। बाबा सरकारी जागिरे भए पनि 'अहिलेसम्म राम्रो उपलब्धि केही छैन, बरु विदेश जान्छु टन्न पैसा कमाउँछु। आखिर टन्न पैसा हुने हो भने इज्जत मान सम्मान सबै आइहाल्छ' भनिराख्थिन्। तर उसको प्रेमीको कारणले गर्दा पनि काठमाडौं गएपछि सरकारी सेवामा लाग्न शाखा अधिकृतको तयारीमा थिइन्।

उनीहरू बिचको त्यो समझदारी, करियरप्रतिको त्यो लगाव देखेर पढ्ने उमेरमा प्रेमको चक्करले करियर बिग्रिन्छ भन्ने भ्रम हराएर जान्थ्यो। पढ्ने बेला पनि बुझ्ने मान्छे हुने हो भने झनै सहज हुँदो रहेछ जस्तो लाग्थ्यो मलाई।

पछिल्लो समय कार्य व्यस्तताको कारण पहिला जस्तो सम्पर्क नभएकोले पनि इशाको जीवनको यस्तो कायापलटबाट म अनजान थिएँ। सपनामा पनि नसोचेको कुरा आँखै अघि भइरहँदा थरिथरिका कुरा मनमा आइरहेका थिए।

यतिकैमा सोधें, 'इशा, यो सब कसरी? केही भनिनौ त!'

आफैंमा टोलाइरहेकी उनी मेरो प्रश्नले केही झस्किए जस्ती भइन्। गहभरिका आँसु लुकाउन खोज्दै उनी बोलिन्, 'मैलेभन्दा छिटो सपनाको उडान उसले भऱ्यो। म सङ्घर्षका पखेटा च्यातिएकोले गर्दा उडान भर्न समय लाग्यो तर उता उसको पर्खाइ छोटो भयो। त्यसैले आज जुन दिन आयो त्यो तिम्रै आँखा अगाडि छ।'

साहित्यका भाव सजिलै बुझ्ने मान्छे मलाई उनको यो भनाइ बुझ्न गाह्रो पऱ्यो। मनमनै सोचैं- कस्तो उडान भर्ने कुरा गर्दै छिन् यिनी? सिउँदो त फेरि उसले अर्कैको भरिसकेको छ।

लामो श्वास तान्दै इशाले पुनः आफ्ना कुरा सुरु गरिन्।

'झन्डै तीन वर्षको तयारीपछि अधिकृतको सबै लिखित परीक्षा दुवैले एकै वर्ष पास गऱ्यौं। अन्तरवार्ता दियौं, नतिजा पनि आयो। लोक सेवा आयोगको वेबसाइटमा प्रकाशित उक्त नतिजामा उनको नाम-थर दुवै आयो तर मेरो नाम मात्रै आयो, थर अरू कसैको थियो। या भनौं रात ल्याउन अन्धकार आए जस्तै, दिन ल्याउन उज्यालो आउँछ। त्यस्तै अपार मेहनतलाई लिन सफलता आउँछ सुनेकी थिएँ तर मेरो सङ्घर्ष लिन असफलता आयो।

त्यसपछिका केही दिनहरू कहाँ कसरी के गरेर बिते केही पत्तो पाइनँ। उनीसँग पनि पहिलेको जस्तो सम्बन्धमा सुमधुरता छाएन। पहिला पहिला महिनामा एक चोटि हामीबिच हुने मनमुटाब दिनहुँ हुन थाल्यो। बिस्तारै सम्बन्ध चिसियो, सेलायो।

म आफैमा हराएकी मान्छे, उनले खोज्छन् सोचिरहें तर सोचे जस्तो सबै कुरा हुने भए कति सहज हुँदो हो! त्यसो भएन। कुराकानी हुन छाडेको महिनौं भएको थियो। उनी बदलिए? म बदलिए? वा समय परिस्थिति बदलिएर साथ टुट्यो? त्यो पत्ता लाउन चाहिने दोहरो संवाद हुन छाडेपछि पत्ता लगाउन मन पनि लागेन।

सुरुका केही दिन त मन बुझाउन सकिनँ। उक्त दिनको नतिजाले घरमा बिहेको कुरा आउँदा अधिकृत नहुँदासम्म बिहे गर्दिनँ भन्दै लगाएको घुर्की, जागिर खाएपछि यो गर्छु, त्यो गर्छु भन्दै बनाएका ती योजना लगायतका धेरै सपनाको हत्या गरिदिएको महसुस भयो। तर मन नै त हो, जसरी सम्हाल्न खोज्यो उस्तै गरी सम्हालिने रहेछ।
केही रुचि नभएको मान्छेलाई यो सरकारी सेवामा ल्याउने उनी थिए। बाबाआमाको पनि छोरी सरकारी जागिरे होस् भन्ने चाहना थियो। कहिलेकाहीं त्यो पाठ्यक्रम देख्दा, जति पढ्यो उति बिर्सिंदै जाँदा हिम्मतका साथ अघि बढ्न सिकाउने उनी थिए। त्यसैले सम्बन्ध टुटे पनि उनले मलाई सिकाएको मेहनत गर्ने शैली, आँट र हौसला टुटाएकी थिइनँ। तयारीमा लागिरहें।

मन जसोतसो सम्हाल्दै पछिल्लो दिनमा संघ तथा प्रदेशका अन्य तहका परीक्षा पनि दिएँ तर कतै प्रथम पत्र बल्लतल्ल कटे पनि दोस्रो पत्रमा गुल्टिएँ। कतै अन्तर्वार्तामा फालिएँ त कतै विकल्पको रूपमा मेरो नाम-थर सहितको नतिजा पाएँ। त्यसपछि त लड्दै उठ्दै गर्ने बानी परिसकेको थियो।

खै! किन हो त्यतिका वर्षको प्रेमको हारको अघि जिन्दगीको हार पनि सानो लाग्न थाल्यो। अनि एक चोटि अन्तिम पल्ट उनीसँग कुरा गर्ने आँट आयो। महिनौंपछि नाम सर्च गरें तर ब्लक भइसकेकी रहिछु। तर खै अन्तिमपल्ट भए पनि उनलाई एक चोटि केही नबोले पनि देख्न मन थियो। सायद भगवानले मेरो पुकार सुन्नु भएछ क्यार, आज अन्तिमपल्ट अचानक भेट भयो।'

इशाका सबै कुरा सुनिरहेकी मलाई यो आज अन्तिमपल्ट भने शब्दले झस्कायो। हत्तपत्त सोधें, 'अन्तिमपल्ट भन्नाले? कस्तो? के?'

यत्तिकैमा इशाको फोन बज्यो। कुनै नयाँ नम्बरबाट कल आएको थियो।

को हो, के हो केही परिचय नसोधी 'अनि तिमी अझै अधिकृत भएकी छैनौ?' प्रश्न सुनियो।

फोन लाउड स्पिकरमै थियो। आवाजले गर्दा पनि फोन उनैको हो भन्ने चिन्न गाह्रो परेन।
जवाफमा इशाले, 'रुचि नै नभएको क्षेत्रमा पनि कठिन मिहिनेत, सङ्घर्षका साथ लगाव ल्याइदिएको मान्छेसँग छुट्टिन लेख्या भएर होला, सङ्घर्षको चाबीले लोक सेवाको ताला खुल्नै लाग्दा पनि भाग्यले ढोका खोलिदिएन। त्यसैले एक हप्तापछि विदेशको फ्लाइट छ। जानुभन्दा अघि अन्तिमपल्ट तिमीलाई देख्न पाएँ खुसी र दुखी एकैचोटि भएकी छु। परदेशिनुभन्दा अघि बाबाआमाको साथै गाउँको माया बटुल्न आज नै गाउँ जाँदै छु।'

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।

**वृष** – रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** – छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कर्कट** – आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** – प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** – महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ

**तुला** – आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**वृश्चिक** – आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।

**धनु** – आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**मकर** – मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।

**कुम्भ** – आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।

**मिन** – बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।